## प्रश्न नं. ७१

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.८५४० देखि ८६६१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

रामबहादुर वि.क.को जाहेरीले नेपाल सरकार

बिरुद्ध

कास्की जिल्ला, घान्द्रुक न.पा. वडा नं. २ घर भई हाल कारागारमा थुनामा रहेकी विवाह वि.क.

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१) मिति २०७५।८।६ गते मेरो बुबा खड्क सिह बि.क.लाई मेरै श्रीमती विवा बि.क. र साली नाताकी मनिता बि.क.ले लात्तीमुक्का, लाठीसमेतले जथाभावी कुटपिट गरि सिस्नुपानी समेत लगाई गम्भिर घाईते बनाई सो चोटको पिडाका कारण २०७५।०८।८ गते मृत्यु भएको हुदा निजहरुलाई कानुन बमोजिम कारवाही गरि पाँउ भन्ने बेहोराको राम बहादुर बि.क.को जाहेरी दरखास्त ।

२) खड्क सिंह बि.क. को घरको उत्तरतर्फको कोठामा उत्तर टाउको, दक्षिण गोडा भई उत्तानो अवस्थामा खड्क बहादुर बि.क.को शव रहेको, मृतक खड्क बहादुर बि.क लाई आफ्नै बुहारी विवा बि.क. समेतले कुटपिट गरि थला परेकोमा निजको मृत्यु भएको, मृतकको छातीमा निलडाम देखिएको , पेट फुलेको, लिङ्गमा निलो डाम देखिएको, दायाँ हातको  कुईनामा र घुडा देखि ४ फिट तल खुट्टामा खोस्रिएको दाग रहेको, टाउको पछाडी सुन्निएको जस्तो देखिने रगत बगेको भन्ने ब्यहोराको मृतक बि.क.को घटनास्थल तथा लाश जाँच मुचुल्का ।

३) मृतक खड्क सिंह बि.क.को मृत्युको कारण HEAD INJURY भएको भन्ने बेहोराको पोस्टमार्टम रिपोर्ट ।

४) मेरो श्रीमान राम बहादर बि.क. काम बिषेशले पोखरा गएको र घरमा ससुरा खड्क सिंह बि.क., नावालक छोरा र भेटघाटका लागी आएकी बहिनी मनिता बि.क. थियौ । ससुरा विगत देखि नै मादक पदार्थ  सेवन गर्ने बानी भएको वारदातको दिन अन्दाजी १६:०० बजेको समयमा पनि निज ससुराले मादक पदार्थ सेवन गरि घरमा आई अपशब्द प्रयोग गरि गालिगलौज गर्नुका साथै मलाई पछाडीबाट कपाल तानी लाठीले हन्न लागेपछि मैले उक्त लाठी खोसी निजलाई लाठी हानेको हुँ । निज ससुराको मुख र टाउकोबाट केही रगत निस्किएको र उक्त रगत  बहिनीले धोई पखाली गरेकी थिइन । छिमेकी शंखलाल बि.क. घटनास्थलमा आई लाठी खोसी थप हिर्काउन नदिई ससुरालाई घरभित्र लगि सुताईदिएका हुन् । सो घाउ चोटका कारण निज खड्क सिंह बि.क.को मृत्यु भएको हो भन्ने विवा वि.क को अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

(५) वारदातको अघिल्लो दिन भेटघाटको लागी म दिदी घरमा गएकी थिए । भोलीपल्ट ४ बजेको समयमा दिदीको ससुरा खड्क सिंह बि.क. ले मादक पदार्थ सेवन गरि दिदीलाई अपशब्द प्रयोग गरि गालिगलौज गरेपछि विवाद हुने क्रममा ससुराले दिदीलाई पछाडीबाट कपाल तानी हातमा लिएको लठीले हान्न लागेपछि दिदी उक्त लाठी खोसी ससुराको टाउको तथा शरिरको बिभिन्न ठाँउमा हिर्काएकी हुन ॥ निज ससुरा अचेत भई आँगनमा ढलेपछि टाउको र मुखमा रगत बगेकाले मैले उक्त रगत धोई पखाली पुछिदिएकी हँ । छिमेकी शंखलाल बि.क. आई दुवै

## प्रश्न नं. ७१

पक्षलाई छुट्टाई निजको आफ्नै घरभित्र लगि सुताई दिएका हुन् । सोही घाँउ चोटको कारण निजको आफ्नै घरमा मृत्य भएको भन्ने बेहोराको प्रतिवादी मनिता बि.क.को बयान कागज ।

(६)सोहि चोटपिडाको असरबाट थलिएर मरेका हुन भन्ने बेहोराको बुझिएका शंखलाल बि.क. को कागज ।शंखलाल बि.क.को कागज, मौकामा बुझिएका कागज, पोष्टमार्टम रिपोर्ट समेतका आधारमा विवा बि.क.र मनिता बि.क.लाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८(२) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग पत्र ।

७) प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान

८) कास्की जिल्ला अदालतबाट भएको फैसला

९) नेपाल सरकारको उच्च अदालत पोखरामा पुनरावेदन पत्र